# एन आर एन ए फ्रान्स, युवा प्रतिनिधि पद र म !

आर एन ए फ्रान्सको २०१९ - २०२१ कार्यकालका लागि म युवा संयोजक पदमा निर्बिरोध निर्बाचित भएको थिए ! अहिले झन्डै कार्यकालको उत्तरार्दमा आइपुग्दा, कहिले कहिँ गहिरियर सोच्छु ! युवा संयोजकको रुपमा मेरो निर्बिरोध चयन, यहाँका आम नेपाली दाजुभाई तथा दिदि बहिनिहरुले मलाई गरेको विश्वास तत् समयमा गरेका बाचाहरुको फेहरिस्त सम्झेर, कता कता आफै असमंजमा पर्छु !

प्रबासमा नेपाली समाज भित्र गर्नुपर्ने सामाजिक कार्य तथा योगदानका बिबिध आयामहरु छन् ! तर म सधै युवा पुस्ताको बीचमा रही युवा पुस्तालाइ नजिक बाट नियालेकोले ! बास्तवमा युवाहरुको क्षेत्रमा केहि नया उर्जा थप्न सकिन्छ भन्ने मेरो विश्वास थियो, त्यसैले यहि हुर्केर, पढेर आफ्नो छुट्टै पहिचान बनाउन सफल व्यक्तित्वहरु र हाम्रो हुर्कदो नया पुस्ताका बिचमा अन्तरक्रिया, सामुहिक छलफल, सम्मनबयका माध्यमबाट मार्गदर्शन एबम एकार्कामा सहयोगी बाताबरण निर्माण गरिदिने मेरो योजना पनि थियो ! यस्तै यहाँ हुर्किरहेका युवाहरुलाइ आफ्नो राष्ट्र प्रतिको लगाव, आफ्नो भाषा, संस्कृतिसंग भावनात्मक सम्बन्धमा कसरी बिकाश गर्ने भन्ने मूल उद्देश्य र कार्ययोजनाका साथ म यहाँ आबद्द भएको थिए !

आज मैले उठान गर्न लागेको बिषय बस्तुको पात्र स्वयम् म, मैले ग्रहण गरेको पद र आबद्द संस्थाको बारेमा छ ! सरसरति हेर्दा यो आफैमा विरोधाभास जस्तो देखिए पनि म के सोच्छु भने यदि समाज परिबर्तन गर्नुछ भने स्वयम् बाटै सुरु गर्नु पर्छ ! मेरो आफ्नै मान्यता पनि के हो भने ! जब सम्म स्वयम् मानिस आफु परिबर्तन हुन सक्दैन अरुलाई परिबर्तन गर्न सक्दैन !  मानिस स्वयम् आफैमा कहिले पूर्णता हुदैन, काम गर्दै जादा कहिँ न कहिँ त्रुति रहन्छ नै ! हामी सबैले गल्तिहरु बाटै सिक्दै जान्छौ ! खोक्रो आडम्बर र अभिमानका लागि गल्तिहरु लुकाउदै जाने संस्कृतिको विकास गर्ने हो भने न हामी आफै कहिले सच्चिन्छौ न समाज बदल्न सक्छौ त्यसैले म स्वयम् मेरो आफनो आत्म समिक्षाबाट यो लेख प्रारम्भ गर्न चाहन्छु !

२०१९-२०२१ को मेरो कार्यकाल लगभग यसै सकियो भन्दा फरक नपर्ला यसको दोष समय  परिस्थितिलाइ दिउ कि आफैलाइ द्विविधामा छु ! कार्यकालको पुर्बार्धमा नै कोभिड १९ को संक्रमणले विश्व नै लक् डाउन भएकोले कुनै प्रत्यक्ष जमम्घटको कार्यक्रम गर्ने सम्भावना रहेन, त्यसैले समय प्रतिकुल रहयो भन्दा फरक नपर्ला तर साँच्चै अन्तर्मनबाट

गर्न खोज्ने लाइ कुनै बाधा व्यवधानले रोक्छ जस्तो लाग्दैन, अन्य उपायहरु अबलम्बन गर्न सकिन्थ्यो जस्तो लाग्छ ! यस मानेमा म कहिँ कतै चुकेकै हो र यसलाई म आत्म आलोचना सहित सहर्ष स्वीकार्छु !

तर कहिँ कतै हाम्रो सामाजिक संस्था चलाउने मौलिक बिधि, पद्दति र प्रणालीमा पनि केहि त्रुटी छ जस्तो लाग्छ ! यसका साथै हाम्रो सोचमा पनि केहि हद सम्म संकृनता छ कि जस्तो लाग्छ ! हामी संस्थाका लागि कार्य योजना बनाउछौ भने त्यसको उद्देश्य समाज प्रधान हुनु पर्छ न कि एउटा झुण्ड या प्रचारमुखी ! हाम्रो समाज भित्र ब्याप्त यो कु संस्कारले गर्दा, हो यहाँ निर हामी चुकेको मैले महशुस गरेको छु ! संथामा व्यक्तिहरु गौण र संस्था प्रधान हुन्छ ! संस्थाले गरेको कुनै पनि राम्रो कामको श्रेय या स्वामित्व संस्था मुखी हुनुपर्छ न कि व्यक्ति या झुण्डमुखी ! चुनिएर आएपछि पनि संस्थाभित्र गुट, उप गुटको निर्माणले राम्रो कार्य योजनालाइ पनि बहुमतिय आधारमा पास नगरी दिने प्रवृतिले संस्था अलोकप्रिय हुनुका साथै जन मानसमा यस प्रतिको विश्वसनीयतामा ह्रास आएको मैले महसुस गरेको छु !

सबै भन्दा पहिला यदि संस्थाको विश्वसनीयता र यसको शाखलाइ बचाउने हो भने, यसलाई सुद्दिकरणको जरुरि छ ! यस संस्थाको कार्यसमितिमा चुनियर आउदै गर्दा, चुनिएका व्यक्ति बिशेसले राजनीतिक, धार्मिक आस्थाको कोट ढोका बाहिर त्यागेर आउनु पर्छ ! साथै यस एन आर एन ए संस्था प्रबाशमा आम नेपालीको साझा र अभिभाबकिय संथाको रुपमा बस्नु पर्छ न कि एउटा झुण्डको निर्देशनमा चल्ने संस्थाका रुपमा ! त्यस पछि अभिभाबक संस्थाको दायित्व बमोजिम समाजका हरेक तह र तप्कामा भएको राम्रो कामलाइ प्रोत्साहन गर्ने, सर्हाना गर्ने संस्कारको विकास गर्नु पर्छ ! आफ्नो झुण्ड भित्रकोले गरेको सानो कामलाइ वाह वाहि र अरुलाइ नजर अन्दाज गर्ने संस्कारलाइ अबिलम्ब खारेज गर्नु पर्छ ! यसरी समाजमा सकारात्मक सोचको विकाससंगै सम्बन्धहरुमा सुद्रिढीकरण भै समाज प्रगतिमार्गमा गतिशील हुन्छ ! कहिले काही अमुक व्यक्तिका आचरणका कारण संस्था अलोकप्रिय हुन्छ भने कहिले काही कुनै अमुक व्यक्तिको आबद्दताले मात्रै पनि संथाको गरिमा बढ्छ ! त्यसैले समाजको हरेक आयामहरुमा योगदान गर्ने, सुसुचित गर्ने व्यक्ति बिशेसलाइ सम्मान गर्नुपर्छ यस किसिमको कार्यले हाम्रा सन्ततिलाई पनि एउटा सरात्मक संदेश जानेछ ! यस्तै संस्था युवामैत्री बन्न सक्नुपर्छ ! युबाहरुलाइ खेलकुद कार्यक्रममा मात्रै प्रयोग गर्ने भन्दा पनि समाज प्रतिको दायित्वमा उनीहरुको सभागिताका लागि प्रेरित गर्नुपर्छ, यस्तै परोपकारी कार्यमा प्रोत्साहित गर्नुपर्छ ! अहिले सम्म हामीले युवाहरुका लागि खाली शारीरिक खेलकुद कार्यक्रम मात्रै

आयोजना गरेउ, यसका अतिरिक्त बौदिक कार्यक्रमहरु यस्तै आफ्नो राष्ट्रको इतिहास, समाजीक संरचना, भाषा र संस्कृतिहरु जस्तै बिबिध जानकारी मुलक कार्यक्रम आयोजना गरि हाम्रा बालबालिकालाइ सुशिक्षित गर्नु पर्छ जस्तो लाग्छ !

अन्तमा एन आर एन ए फ्रान्स स्थापना काल देखि नै गतिशील छ, यहाँको हाम्रो समाजको हरेक सुख दुखमा प्रयावाची नाम जस्तै छ, तर समय संगै यसले आफुलाई रचनात्मक र गतिशील बनाउने हो भने नया बिचारहरुलाइ स्वागत गर्दै आफ्नो कार्य योजनामा सम्मानजनक ढंगले समायोजन गर्दै लग्न सके अझै बिबिध आयामहरुमा राम्रो गर्न सकिन्छ र गुमेको साखलाइ फेरी प्रतिस्थापन गर्न सकिन्छ, भन्ने मेरो बुझाई छ !